# काठमाडौं महानगरपालिका

यँ मह्वानगवपालिका

## नगर कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, काठमाडौं, नेपाल

स्वास्थ्य विभाग


पत्र संख्या:- ०७८/०७९

मिति २०७८/१०/२१

चलानी नं.:- ४८०

**श्रीमान् अध्यक्षज्यू (वडा खोप समन्वय समिति)**
**सबै वडाकार्यालयहरु , काठमाडौ महानगरपालिका**

### विषय : कोभिड-१९ विरुद्धको Pfizer खोप दोस्रो मात्रा सञ्चालन सम्वन्धमा ।

प्रस्तुत विषयमा जिल्ला खोप समन्वय समिति काठमाडौंको मिति २०७८।१०।२० निर्णय र स्वास्थ्य कार्यालय काठमाडौं च.नं. ६३४ मिति २०७८।१०।२० को प्राप्त पत्र अनुसार **कोभिड-१९ विरुद्धको Pfizer खोपको दोस्रो मात्रा सञ्चालन** हुने भएको हुँदा काठमाडौं महानगरपालिकाका ३२ वटै वडा खोप समन्वय समितिको निर्णय गरि वडाहरुका विद्यालयहरुमा खोप केन्द्र तोकि तपशिल बमोजिम कोभिड-१९ विरुद्धको **Pfizer** खोप अभियान सञ्चालनका लागि निर्णयानुसार अनुरोध छ ।

**तपशिल :**

१.खोप केन्द्रहरु : काठमाडौं महानगरपालिका ३२ सै वडाहरुमा रहेका विद्यालयहरुमा वडा खोप समन्वय समितिले तोकेका खोप केन्द्रहरुको साथै अभियानको अन्तिम दिन प्रत्येक वडाको स्वास्थ्य सस्थामा रहनेछन ।

२.खोप लगाउने मिति :२०७८/१०/२४ देखि २०७८/११/०५ सम्म माघ २९ गते शनिवार बाहेक अन्य दिन नियमित रुपमा खोप कार्यक्रम सञ्चालन हुनेछ ।

३ खोप लगाउने समय : विहान १० बजे देखि ४ बजे सम्म ।

४.खोप लगाउने लक्षित समुह : १२ देखि १७ वर्ष उमेर समुहका पहिलो खोप लगाएका २१ दिन पुरा भएका वालवालिकाहरु ।

५.खोप प्रदान गर्ने आधारहरु : पहिलो खोप लगाएको खोप कार्डको आधारमा ।

६महानगरपालिका स्वास्थ्य विभागबाट हरेक वडाका स्वास्थ्य केन्द्र सम्म एकमुष्ठ खोप लगाएत सामाग्रीहरु पुरयाउनुको साथै आवश्यता अनुसार समयसमयमा माग भए बमोजिम थप खोप लिने व्यवस्था गर्ने र कोल्डचैनको व्यवस्था गर्ने ।

७.वडा स्वास्थ्य सँस्थामा प्राप्त खोप लगाएत सामाग्री वडाका खोप केन्द्रमा हरेक दिन भ्याक्सिनेटर र स्वयंसेवक मार्फत बुझाउने र खोप शेषण पश्चात रिपोर्टिङ फर्मेट अनुसार रिर्पोट सहित बाँकि खोप सामाग्री बुझिलिने र वडाको एकमुष्ठ रिर्पोटख तोकिएको फर्मेटमा ५ बजे भित्र रिर्पोटिङ गरि सक्ने ।

८.विद्यालयबाट प्राप्त प्रमाणित खोप लगाउने ब्यक्तिहरुको विवरण दर्ता रजिष्टरमा दर्ता गर्ने व्यवस्था मिलाउने सो कार्यको लागि विद्यालयवाट सहयोग लिने ।

९.स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्ने गराउने ।

१०.नजिकको अस्पताल तथा एम्वुलेन्स सेवा (१०२) सँग समन्वय गरि AEFI ब्यवस्थापन मिलाउने ।

१०।२१

(बलराम त्रिपाठी)
विभागीय प्रमुख

**सादर अवगतार्थ**

श्रीमान प्रमुख ज्यू
श्रीमान उप प्रमुख ज्यू
श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
काठमाडौं महानगरपालिका

बोधार्थ :

श्री सबै इन्चार्ज सामुदायिक शहरी स्वास्थ्य क्लिनिक : वडा कार्यालय सँग समन्वय गरि खोप केन्द्र तोकी माथि उल्लेख भए बमोजिम कार्यक्रम सञ्चालन गर्ने ब्यवस्था मिलाउनुहुन ।


~~फोन नं.: +९७७-१-४२३१४८१ (प्रमुख), +९७७-१-४२३१४२९ (उप-प्रमुख), +९७७-१-४२३२८९२ (प्रमुख प्रशासकीय अधिकृत)~~
फ्याक्स नं.: +९७७-१-४२६८५०९, ईमेल: kmcmayor@mos.com.np, mayor@kathmandu.gov.np, ceo@kathmandu.gov.np
पोष्टबक्स नं. ८४१६, काठमाडौं, नेपाल, वेभसाइट: www.kathmandu.gov.np